मिति २०८१/१०/१२ गते यस बारपाक सुलिकोट गाउँपालिकाको अध्यक्ष श्री विष्णु प्रसाद भट्ट ज्यूको अध्यक्षतामा उपाध्यक्ष, वडाध्यक्ष लगायत अन्य कार्यपालिकाका सदस्यहरु समेतको उपस्थितिमा कार्यपालिका वैठक बसी तपशिल बमोजिम छलफल तथा निर्णयहरु गरियो ।

## उपस्थिति

| क्र.सं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | विष्णु प्रसाद भट्ट | अध्यक्ष | बारपाक सुलिकोट-५ | |
| २ | सन माया गुरुङ | उपाध्यक्ष | बारपाक सुलिकोट-३ | |
| ३ | धन बहादुर घले | वडा अध्यक्ष | बारपाक सुलिकोट-१ | |
| ४ | पूर्ण बहादुर गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-२ | |
| ५ | बल बहादुर गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-३ | |
| ६ | भिम बहादुर गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-४ | |
| ७ | शिब बहादुर खड्का | वडा अध्यक्ष | बारपाक सुलिकोट-५ | |
| ८ | बावुलाल गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-६ | |
| ९ | कृष्ण गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट -७ | |
| १० | शरण गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-८ | |
| ११ | राजु सुनार | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-१ | |
| १२ | आशिका गुरुङ | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-२ | |
| १३ | जानुका देवी पनेरु | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-४ | |
| १४ | सन्त कुमारी बराम | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-५ | |
| १५ | शुभप्रभात नेपाली | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-६ | |
| १६ | माया देवी गुरुङ | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-७ | |
| १७ | श्री सुवास आले | सदस्य सचिव | गा.पा.का. | |
| १८ | श्री ईश्वरी प्रसाद पनेरु | प्रशासकीय अधिकृत | गा.पा.का. | |
| १९ | श्री सन्देशराज पौडेल | सू.प्र.अ. | गा.पा.का. | |
| २० | ई. मेघनाथ थापा | ईन्जिनियर | ,, | |
| २१. | पवित्रा शर्मा | शिक्षा अधिकृत | ,, | |

**प्रस्तावहरु:**

१. आ.व. २०८०/०८१ को महालेखा परिक्षकको प्रारम्भिक प्रतिवेदन माथि छलफल र गत आ.व.हरुका बेरुजु नियमन सम्बन्धी विषयमा छलफल ।
२. न्यायिक समितिको २०८१/०८२ को अर्धवार्षिक प्रतिवेदन सम्बन्धमा ।
३. राजश्व परामर्श समतिको २०८१/०८२ को अर्धवार्षिक प्रतिवेदन सम्बन्धमा ।
४. लेखा समितिको प्रतिवेदन सम्बन्धमा |
५. विषयगत समितिहरुको प्रतिवेदन सम्बन्धमा |
६. अनुगमन समतिको २०८१/०८२ को अर्धवार्षिक प्रतिवेदन सम्बन्धमा ।
७. जिन्सी व्यवस्थापन प्रणाली(PAMS) को २०८१/०८२ को अर्धवार्षिक प्रतिवेदन सम्बन्धमा ।
८. आर्थिक ऐन संशोधन सम्बन्धी प्रस्ताव सम्बन्धमा ।
९. विनियोजन ऐन संशोधन सम्बन्धी प्रस्ताव सम्बन्धमा ।
१०. आ.व. ०८०/०८१ को मर्मत संभार कोषको वार्षिक प्रतिवेदन सम्बन्धमा ।
११. भुक्तानी अनुमोदन सम्बन्धमा ।
१२. विविध ।

**निर्णयहरु:**

**निर्णय नं. १)** आ.व. ०८०/०८१ को महालेखा परिक्षकको प्रारम्भिक प्रतिवेदन र गत आ.व.हरुको नियमित गर्नुपर्ने बेरुजु उपर सार्वजनिक लेखा समितिको बैठकले पहिलाएको निर्देशनलाई हिउँदे अधिवेशन तथा १६ औं गाउँसभा पेश गरी छलफल गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. २)** न्यायिक समितिको आ.व. २०८१/०८२ को अर्धवार्षिक प्रतिवेदन गाउँपालिका उपाध्यक्ष तथा न्यायिक समितिका संयोजक सन माया गुरुङले गाउँसभामा प्रस्तुत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ३)** राजश्व परामर्श समितिको आ.व. २०८१/०८२ को अर्धवार्षिक प्रतिवेदन गाउँपालिका उपाध्यक्ष सन माया गुरुङबाट गाउँसभामा प्रस्तुत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ४)** मिति २०८१/१०/०८ गते बसेको लेखा समितिको बैठकमा विगतका मलेप प्रतिवेदन र आ.व. २०८०/०८१ को प्रारम्भिक मलेपको प्रतिवेदन बारे दफावार छलफल गरि

तयार पारिएको लेखा समितिको बेरुजु नियमनसम्बन्धी प्रतिवेदन गाउँसभामा प्रस्तुत गरि छलफल गर्ने सर्वसम्मत निर्णय गरियो |

**निर्णय नं. ५)** विषयगत समितिहरुको बैठकबाट गरिएका निर्णय बारे दफावार छलफल गरि गाउँसभामा प्रस्तुत गरि छलफल गर्ने सर्वसम्मत निर्णय गरियो |

**निर्णय नं. ६)** अनुगमन समितिको आ.व. ०८१/०८२ को अर्धवार्षिक प्रतिवेदन गाउँपालिका उपाध्यक्ष तथा अनुगमन समिति संयोजक सन माया गुरुङबाट गाउँसभामा प्रस्तुत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ७)** प्रस्ताव नं. ६ माथि छलफल हुँदा जिन्सी व्यवस्थापन प्रणाली (**PAMS**)को आ.व. ०८०/०८१ को अर्धवार्षिक प्रतिवेदन गाउँपालिका उपाध्यक्ष तथा अनुगमन समिति संयोजक सन माया गुरुङबाट गाउँसभामा प्रस्तुत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ८)** आर्थिक ऐन, २०८१ संशोधनका लागि १६ औं गाउँसभा तथा हिउँदे अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९)** विनियोजन ऐन, २०८१ संशोधनका लागि १६ औं गाउँसभा तथा हिउँदे अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०)** प्रस्ताव नं. १० माथि छलफल हुँदा आ.व. ०८०/०८१ को मर्मत संभार कोषको वार्षिक प्रतिवेदन विद्यायन समति संयोजक शरण गुरुङबाट गाउँसभामा प्रस्तुत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ११)** आ.व. ०८१/०८२ का यस अघिका कार्यपालिका बैठकले निर्णय गरि गरिएको भुक्तानी एवं खर्चलाई अनुमोदनका लागि १६औं गाउँसभामा पेश गर्ने निर्णय गरियो |

**निर्णय नं. १२) विविध |**

क) निक साइमन्स इन्सटिच्युट(Nick Simons Institute) लाई बारपाक सुलिकोट गाउँपालिका वडा नं ४ स्थित सौरपानीमा निर्माणधीन सहिद प्रेम ढकाल स्मृति अस्पताल (१५ शैया) को लागि आवश्यक उपकरण र जनशक्ति व्यवस्थापनको लागि पत्राचार गर्ने निर्णय गरियो |

ख) ***संघीय ढुङ्गा, गिटी तथा दहत्तर बहत्तर व्यवस्थापन मापदण्ड २०७७ को पहिलो संशोधन २०७९ को दफा १२ को उपदफा १ र ७ मा व्यवस्था भए बमोजिम सडक निर्माण वा विस्तारको क्रममा सडक अधिकार तथा क्षेत्र भित्रबाट निस्कने ढुङ्गा बालुवा जस्ता निर्माण समाग्री प्रयोग गर्ने अवस्थामा सम्बन्धित गाउँपालिकालाई विक्री मुल्य बराबर कर बुझाई प्रयोग गर्न सकिने व्यवस्था रहेको*** र यस बारपाक सुलिकोट गाउँपालिकाको राजश्व परामर्श समितिको मिति २०८१/१०/११ गतेको बैठकको सिफारिस अनुसार, संघ र प्रादेशिक कार्यालयहरुबाट बारपाक सुलिकोट गाउँपालिका भित्र सञ्चालित आयोजनाहरुमा प्रयोग हुँदै आएको प्राकृतिक स्रोत साधन (ढुङ्गा, गिटी, बालुवा आदि)को राजश्व रकम, ***प्रदेश सरकार अर्थ सम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्न बनेको आर्थिक ऐन २०८१*** को अनुसुची ७ को दफा ८ को उपदफा(१) मा व्यवस्था भएको दररेट अनुसार, उक्त आयोजनाहरुका निर्माण व्यवसायीहरुलाई यस गाउँपालिकामा कर दाखिला गर्नको लागि पत्राचार गर्ने निर्णय गरियो ।